नौलो छ जमाना
मोबाइल बैंकिङ्ग सबैको चाहना
आउनुहोस् प्राप्त गर्नुहोस् बैंकिङ्ग सेवा घरघरमा ।

## Buddhashanti Smart Banking का विशेषताहरू:

### आधारभूत विशेषताहरू:




- एक भन्दा बढी खाताहरुमा सञ्चालन गर्न सकिने
- खाता सम्बन्धी जानकारी, खातामा भएको रकम, स्टेटमेन्ट आदि हेर्न मिल्ने
- मोबाईल/टेलिफोन रिचार्ज गर्न सकिने
- खानेपानी, बिजुली, इन्टरनेटको बिल भुक्तानी गर्न सकिने
- देशभरका लागि हवाई तथा बस टिकट लिन सकिने

### थप विशेषताहरू:

- जीवन र निर्जीवन बिमाका भुक्तानी रकम खाता बाटै तिर्न सकिने
- सहकारी खाताबाट आफूले चाहेको बैंक खातामा रकम ट्रान्सफर गर्न मिल्ने
- एउटै सहकारीमा आफ्नो खाताको रकम अरुको खातामा ट्रान्सफर गर्न मिल्ने
- आफ्नो ऋणको किस्ता मोबाईल बैंकिगका माध्यमबाट तिर्न मिल्ने
- मोबाईलबाटै लोनको सम्पूर्ण विवरणको Statement हेर्न मिल्ने
- मोबाईल बैकिंगका माध्यमबाट आफ्नो खाताको नयाँ चेकबुक Request गर्न मिल्ने
- घरमै बसी-बसी आफ्नै सहकारी खाताबाट Movie Ticket Booking गर्न सकिने

Download and Install to make Smart
#Buddhashanti Smart App#

- Inter Bank/Coop Fund Transfer
- Top Up
- Bill Payment Facilities
- Balance Enquiries
- load Wallet, esewa and others

Google Play

Buddhashanti Smart App

For Activation, Please contact in our office,
Buddhashanti Saving and Credit Cooperative Ltd.
Buddhashanti-3, Budhabare, Jhapa
Contact : 023555796, 9852656795, 9802656767

'अब तपाईहरुको व्यवसायको साझेदार'
बुद्धशान्ति बचत तथा ऋण सहकारी संस्था लि.

जोड्नुहोस् तपाईको आफ्नै QR CODE,
अनि लिनुहोस् Buddhashanti Smart Banking सुविधा

**'Think Smart, Think Differently'**

---

BSC SACCOS

दर्ता नं. ३-१-७-१०७६/०७३/०७४

'सामुदायिक सम्बृद्धिमा समर्पित'

# बुद्धशान्ति बचत तथा ऋण सहकारी संस्था लि.

BUDDHASHANTI SAVING & CREDIT CO-OPERATIVE LTD.

बुद्धशान्ति-३, बुधबारे, झापा, प्रदेश नं. १ नेपाल
स्था : २०७३

# छैठौं

## वार्षिक साधारण सभा-२०७९

### वार्षिक प्रतिवेदन

## सञ्चालक समिति



## लेखा समिति



## कर्मचारी



# बडादशैं

## दिपावली तथा छठ पर्वको हार्दिक शुभकामना

नेपालीहरुको महान् चाड बडादशैं, शुभ दिपावली
तथा छठ पर्व २०७९ को पावन अवसरमा
सम्पूर्ण शेयर सदस्य, सहकारीकर्मी, कर्मचारी, शुभचिन्तक
एवम् देश-विदेशमा रहनुहुने समस्त नेपालीहरुमा
हार्दिक मंगलमय शुभकामना ।



श्री शेयर सदस्यज्यू,
बुद्धशान्ति बचत तथा ऋण सहकारी संस्था लि.
बुद्धशान्ति ३, बुधबारे, झापा

बिषयः वार्षिक साधारण सभामा उपस्थित भईदिनुहुन ।

महोदय,

प्रस्तुत सम्बन्धमा यस संस्थाको सञ्चालक समितिको मिति २०७९/०४/३० गतेको बैठकले संस्थाको छैठौं वार्षिक साधारण सभा निम्न मिति, समय र स्थानमा सम्पन्न गर्ने निर्णय गरेको हुँदा यहाँको गरिमामय उपस्थितिको लागि हार्दिक अनुरोध गरिन्छ। साथै यस सम्बन्धमा मिति २०७९/०५/१० गते संस्थाको वेभसाइड www.bsc.coop.np तथा फेसबुक पेजमा समेत सूचना जारी भईसकेको व्यहोरा अवगत गराइन्छ।

कार्यक्रम
मितिः २०७९ असोज ८ गते,शनिवार
समयः बिहानको ठिक १०:३० बजे देखि
स्थानः उद्योग वाणिज्य संघको सभाहल, बुधबारे, झापा

छलफल तथा प्रस्तावका विषयहरु :

१. सञ्चालक समितिको तर्फबाट अध्यक्ष ज्यूले पेश गर्नुहुने आ.व. ०७८/०७९ को वार्षिक प्रतिवेदन माथि छलफल गरी पारित गर्ने सम्बन्धमा।
२. आ.व. ०७८/०७९ को लेखा समितिको प्रतिवेदन माथि छलफल गरी अनुमोदन गर्ने सम्बन्धमा।
३. आ.व. ०७८/०७९ को वार्षिक लेखा परिक्षण प्रतिवेदन माथि छलफल गरी अनुमोदन गर्ने सम्बन्धमा।
४. चालु आ.व. ०७९/०८० को नीति तथा कार्यक्रम र बजेट माथि छलफल गरी अनुमोदन गर्ने सम्बन्धमा।
५. आ.व. ०७९/०८० को लागि लेखा परिक्षकको नियुक्ति तथा निजको पारिश्रमिक तोक्ने सम्बन्धमा।
६. शेयर लाभांश पारित गर्ने तथा वितरण गर्ने सम्बन्धमा।
७. विशेष प्रस्तावहरुको सम्बन्धमा।
    क) रिक्त रहेको लेखा समिति सदस्य १ को छनौट सम्बन्धमा।
    ख) अनलाइन सफ्टवेयर, मोबाइल बैंकिङ्ग, क्यु आर कोड, एस एम एस बैंकिङ्ग जस्ता विद्युतीय प्रविधिको प्रयोग गर्ने सम्बन्धमा।
८. कार्यसूचीमा थप भएका प्रस्तावको सम्बन्धमा।
९. कर्मचारी नियुक्ति तथा पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा।
१०. साधारण सभाको निर्णय पुस्तिकामा हस्ताक्षर गर्न प्रतिनिधि तोक्ने सम्बन्धमा।
११. विविध।

द्रष्टब्यः शेयर सदस्यको छोरी/छोरा गत शैक्षिक सत्र २०७८ मा सम्पन्न **SEE** परिक्षामा उत्तिर्ण हुनु भएको भए मिति २०७९/०६/०५ गते भित्र मार्कसिटको प्रतिलिपि कार्यालयमा उपलब्ध गराइदिनुहुन अनुरोघ छ। साथै प्राप्त मार्कसिट मध्येबाट सर्वोत्कृष्ट छात्रा २ र छात्र २ लाई पुरस्कृत गरिनेछ।
(थप जिज्ञासा तथा सुझावका लागि कार्यालय सम्पर्क नं.
०२३-५५५७९६/९८५२६५६७९५/९८०२६५६७६७)

चन्द्र अधिकारी
सचिव

# संस्थाको संक्षिप्त परिचय

संस्थाको नामः बुद्धशान्ति बचत तथा ऋण सहकारी संस्था लि.
BUDDHASHANTI SAVING AND CREDIT COOPERATIVE (BSC SACCOS)
स्थापना मिति : २०७३/१२/१६
दर्ता नं./कार्यालय : ३/१/७/१०१६।०७३/०७४, डिभिजन सहकारी कार्यालय, भद्रपुर, झापा
कार्यालयको ठेगाना : बुद्धशान्ति गाउँपालिका ३, बुधबारे, झापा
सम्पर्क नं.: ०२३-५५५७९६, ९८५२६५६७९५, ९८०२६५६७६७
इमेलः bscjhapa@gmail.com, info@bsc.coop.np
वेभसाइडः www.bsc.coop.np
स्थापना कालको शेयर पूँजीः रु ३३,७३,५००/-
स्थापना कालको शेयर सदस्य संख्याः २८ जना
स्थापना कालको कार्यक्षेत्रः बुद्धशान्ति गाउँपालिका वार्ड नं. १,२,३

आवद्धता

| क्र.सं. | आवद्ध संस्था | सदस्यता नं. | दर्ता मिति |
|---|---|---|---|
| १. | जिल्ला बचत तथा ऋण सहकारी संघ लि., झापा | १४४ | २०७४/१०/१९ |
| २. | झापा जिल्ला सहकारी संघ लि. | ४९२ | २०७४/१०/१९ |
| ३. | राष्ट्रिय सहकारी बैंक लि. | १२६१९ | २०७६/०६/०८ |
| ४. | नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि. | ३९०५ | २०७६/०७/१६ |
| ५. | आरएमडिसि लघुवित्त वित्तीय संस्था | | २०७७ |

संक्षिप्त प्रगति विश्लेषण

आ.व. २०७३/०७४ देखि २०७८/०७९ सम्म







कुल पूँजी
80000000
70000000
60000000
50000000
40000000
30000000
20000000
10000000
0
3438575
10438655.73
21549274.7
33608348.09
65832737.31
66880730.63
073/074
074/075
075/076
076/077
077/078
078/079


कर्जा लगानी
60000000
50000000
40000000
30000000
20000000
10000000
0
500000
8855008
18224507
24833015
56185164
55937416
073/074
074/075
075/076
076/077
077/078
078/079

## छैठौं वार्षिक साधारण सभामा सञ्चालक समितिका तर्फबाट अध्यक्षद्वारा प्रस्तुत प्रतिवेदन

यस बुद्धशान्ति बचत तथा ऋण सहकारी संस्था लिमिटेडको छैठौं वार्षिक साधारण सभामा हाम्रो निमन्त्रणालाई स्वीकार गरी पाल्नुभएका प्रमुख अतिथिज्यू, बिशिष्ट अतिथिज्यू, अतिथिज्यूहरु विभिन्न संघ संस्थाबाट पाल्नुभएका प्रमुख एवं प्रतिनिधि ज्यूहरु कर्मचारी मित्रहरु सञ्चारकर्मीलगायत उपस्थित सम्पूर्ण महानुभावहरुमा संस्थाको तर्फबाट तथा आफ्नो व्यक्तिगततर्फवाट स्वागत तथा हार्दिक न्यानो सहकारी अभिवादन व्यक्त गर्न चाहन्छु।

विगत केही वर्ष कोभिड-१९ का कारण प्रत्यक्ष भेटघाट/जमघट भई विचार आदान प्रदान गर्न नपाउँदा निक्कै खल्लो महसुस भएको थियो । साँच्चै भन्नुपर्दा आज २/३ वर्षपश्चात् मात्र सबैजना प्रत्यक्ष भेटघाटसहितको साधारण सभा भएको भन्ने अनुभूति भैरहेको छ। आजको जमघट तथा भेटघाटले दिएको यो उत्साहले यस आ.व. २०७९/०८० वर्षभरिनै उत्प्रेरित भएर काम गर्ने वातावरण बनेकोमा यहाँहरु उपस्थित सम्पूर्णमा कृतज्ञता ब्यक्त गर्दछु, आभार व्यक्त गर्दछु।

सहकारीको मूल नारा अनुरुप नै समग्र समूहकै सम्बृद्धि हुनु पर्दछ भन्ने मुख्य उद्देश्य बोकेर “सामुदायिक सम्बृद्धिमा समर्पित” भन्ने मूल नाराका साथ प्रमुख रुपमा वित्तीय सेवा उपलब्ध गराउँदै आएको यस संस्थाले सफलतापूर्वक आफ्नो स्थापनाको छैठौं वर्ष पूरा गरेको छ।

स्थानीय स्तरमा समयसापेक्ष सञ्चालित सफल र सम्बृद्धिको बाटो समातेको संस्थाको रुपमा आफूलाई परिचित गराउँदै सम्पूर्ण सदस्यहरुको बृहत्तर हितलाई प्राथमिकतामा राखेर संस्थालाई अगाडि बढाउँदै लैजाने प्रयासमा यहाँहरुको साथ र सहयोग सदाझैं निरन्तर रहिरहनेछ भन्ने अपेक्षा गर्दछु।

आदरणिय सदस्यज्यूहरु,

गत केही वर्ष संस्थाले निर्धारण गरेको नीति तथा कार्यक्रमलाई कोभिड १९ को असर र तरलताका कारण पूर्ण रुपमा कार्यान्वयन गर्न असमर्थ भएकाले सो नीति तथा कार्यक्रम र अनुमानित उपलब्धिले पूर्णता पाउन नसकेको दर्साउँदै आ.व ०७८/०७९ को वार्षिक प्रगति प्रतिवेदन पेश गर्ने अनुमति चाहन्छु।

### १. सदस्यता वितरण:

गत आ.व. ०७७/०७८ को अन्त्यसम्ममा ७७४ जना शेयर सदस्यहरु आवद्ध रहनुभएकोमा, आ.व. ०७८/०७९ को अन्त्यसम्ममा ८८४ सदस्यहरु आवद्ध रहनु भएको छ भने आफूले कबुल गरेको शेयर रकम पूरा भएपछि मात्र शेयर कायम गर्ने सर्तमा हाललाई शेयर रकमको लागि बचत गरेको भन्दै जोडिनु भएका थप सदस्य १४५६ गरी जम्मा २३२८ सदस्यहरु आवद्ध रहेका छौं। सदस्य संख्या थप वृद्धि गर्दै लैजाने लक्ष्य निर्धारण गरिएको छ।

सदस्यता वितरण चार्ट

| आ.व. | महिला | पुरुष | संस्थागत | जम्मा |
|---|---|---|---|---|
| ०७३/०७४ | ३२ | ३९ | - | ७१ |
| ०७४/०७५ | १७३ | १६२ | २८ | ३६३ |
| ०७५/०७६ | २५० | २७३ | १७ | ५४० |
| ०७६/०७७ | २६७ | ३७७ | ५ | ६४९ |
| ०७७/०७८ | ३१३ | ४५० | ११ | ७७४ |
| ०७८/०७९ | ३६४ | ५०८ | १२ | ८८४ |

**२. शेयर पूँजी:**

गत आ.व ०७७/०७८ को चुक्ता शेयर पूँजी रु १ करोड ३९ लाख ५२ हजार भएकोमा आ.व. ०७८/०७९ को अन्त्यसम्ममा रु १ करोड ५९ लाख १४ हजार ५ सय हासिल भएको छ।

| आ.व. | चुक्ता शेयर पूँजी |
|---|---|
| ०७३/०७४ | ३३,७३,५००/ |
| ०७४/०७५ | ६०,१०,६००/ |
| ०७५/०७६ | ७४,०४,६००/ |
| ०७६/०७७ | १,०३,२२,६००/ |
| ०७७/०७८ | १,३९,५२,०००/ |
| ०७८/०७९ | १,५९,१४,५००/ |

**३. संस्थाको कुल पूँजी तथा दायित्व र कुल सम्पत्ति:**

यस संस्थाको आ.व. ०७७/०७८ अन्त्य सम्ममा कुल सम्पत्ति रु ६ करोड ५८ लाख ३२ हजार ७ सय ३७ रुपैया रहेको थियो भने आ.व. ०७८/०७९ अन्त्य सम्ममा आर्थिक बृद्धि हासिल भई रु ६ करोड ६८ लाख ८० हजार ७ सय ३० रुपैंया ६३ पैसा हुन आएको छ।

| आ.व. | कुल पूँजी |
|---|---|
| ०७३/०७४ | ३४,३८,५७५। |
| ०७४/०७५ | १,०४,३८,६५५.७३। |
| ०७५/०७६ | २,१५,४९,२७४.७० |
| ०७६/०७७ | ३,३६,०८,३४८.०९। |
| ०७७/०७८ | ६,५४,८६,७६३.९६। |
| ०७८/०७९ | ६,६८,८०,७३०.६३। |

**४. बचत (निक्षेप) संकलन:**

यस संस्थाले सञ्चालक समितिको निर्णयबाट विविध बचत योजना र समयानुकुल व्याजदर निर्धारण गरी सामान्य/दैनिक वचत योजना, बालखुत्रुके वचत योजना, जेष्ठ नागरिक वचत योजना, गृहलक्ष्मी वचत योजना, कर्मयोगी वचत योजना, मासिक अनिवार्य वचत योजना, सुपर सेभिङ योजना, अक्षय कोष बचत योजना र आवधिक बचत योजना लागु गरेको छ। गत आ.व. ०७७/०७८ अन्त्य सम्ममा कुल बचत संकलन १४ करोड ४६ लाख ८६ हजार ५ सय ६२ रुपैंया संकलन भएकोमा आ.व. ०७८/०७९ मा १६ करोड ५५ लाख ९० हजार ८ सय ९९ रुपैंया संकलन भएको र जसमा १६ करोड ४२ लाख ६६ हजार ३ सय ९४ रुपैंया बचत फिर्ता भई गत आ.व. को अ.ल्या सहित रु ३ करोड ४८ लाख ९४ हजार ३ सय ९६ रुपैंया ५२ पैसा बचत कायम रहेको छ।

**५. कर्जा (ऋण) लगानी:**

विविध कर्जा योजना र समयानुकुल व्याजदर निर्धारण गरी व्यक्तिगत कर्जा, व्यवसायिक कर्जा, कृषि कर्जा, सामुहीक जमानत कर्जा, सुविधा कर्जा (शेयर तथा आवधिक बचतको ९०%), योजना लागु गरेको छ। आ.व. २०७७/०७८ को अन्त्यमा ५ करोड ६१ लाख ८५ हजार १६४ रुपैंया लगानी मा रहेको थियो भने आ. व. २०७८/०७९ मा रु ३ करोड ८४ लाख ७८ हजार ६ सय ८८ थप लगानी भई रु ३ करोड ७८ लाख २६ हजार

४३६ रुपैंया असुलि भएर रु ५ करोड ५९ लाख ३७ हजार ४१६ रुपैंया लगानीमा रहि आएको छ।

**६. विप्रेशण** (REMITTANCE)

विभिन्न मुलुकबाट आएको रकम सहज तरिकाले प्राप्त गर्न IME, PRABHU MONEY TRANSFER, WESTERN UNION MONEY TRANSFER, HIMAL REMIT, CITY EXPRESS, I PAY REMIT, SAMSARA, RELIABLE REMIT, E SEWA REMIT, GME, MODERN REMIT जस्ता रेमिट सुविधा उपलब्ध गराइएको छ भने स्थानीय स्तरमा रेमिट सेवा सहजताको लागि साविक बुधवारे ०७ नम्बर चोक, सा. बुधबारे ०८ नम्बर चौक, शान्तिनगर मा भएका विभिन्न सहकारी सँगको सहकार्यमा समेत सेवा प्रदान गरिएको छ।

**७. कुल आम्दानी:**

आ.व. ०७७/०७८ मा रु २८ लाख ५७ हजार ४ सय ४८ रुपैंया कुल नाफा भएकोमा आ.व. ०७८/०७९ मा रु ३५ लाख ३२ हजार १ सय ५९ रुपैंया मुनाफा गरिएको छ। सहकारी ऐन, सहकारी नियमावली र संस्थाको विनियमको आधारमा जगेडा कोषलगायत विभिन्न शीर्षकअर्न्तगतका कोषहरुमा रकम स्थापित गरिएको छ भने रु १२ लाख १९ हजार ७९ रुपैंया शेयर लाभाँश वितरण कोषमा जम्मा हुन आएको छ।

| आ.व. | कुल पूँजी |
|---|---|
| ०७३/०७४ | ३४,३८,५७५। |
| ०७४/०७५ | १,०४,३८,६५५-७३ |
| ०७५/०७६ | २,१५,४९,२७४-७० |
| ०७६/०७७ | ३,३६,०८,३४८-०९ |
| ०७७/०७८ | ६,५४,८६,७६३-९६ |
| ०७८/०७९ | ६,६८,८०,७३०-६३ |

८. प्रविधि:

यस संस्थाका शेयर सदस्यहरुलाई छिटो छरितो तथा सरल ढङ्गले वित्तीय सेवाहरु तथा दैनिक रुपमा हुने कारोवारलाई व्यवस्थित ढङ्गले लेखाङ्कन गर्न संस्थालाई पूर्ण रुपमा कम्प्युटराइज गरिएको छ। साथै ग्राहक वर्गको वित्तीय कारोवारलाई विश्वसनीय तथा व्यवस्थित गर्नका लागि बैंकिङ सफ्टवेयर जडान गरिएको छ। सहकारीको क्षेत्रमा केही संस्थाहरुमा, आर्थिक कारोबार बिग्रिसकेपछि अन्त्यमा मात्र शेयर सदस्यहरुले थाहा पाउने गरेकाले संस्थाको सम्पूर्ण गतिविधि प्रति २४ सै घण्टा घरमै बसेर निगरानी राख्न सक्ने गरी वित्तीय विवरणहरु सार्वजनिक गर्ने हेतुले वेभसाइड www.bsc.coop.np सञ्चालनमा ल्याइएको छ साथै SMS BANKING , MOBILE BANKING, QR CODE सुविधा सुरुवात गरिएको छ। यस प्रविधिको क्षेत्रमा समयसापेक्ष सुविधाहरु थप गर्दै लैजाने विषयमा संवेदनशील भएर लागिएको छ।

९. सेवा/सुविधा

सदस्यहरुको व्यावसायिक, सामूहिक वा व्यक्तिगत रुपमा बचत तथा ऋणको कारोबारका साथै दैनिक प्रयोग भएका वस्तुहरुको महसुल, सेवाशुल्क आदि सम्बन्धित सदस्यहरुको सेवा बचत योजनामा भएको बचतबाट भुक्तानी गरिनेछ। यस खाताबाट बिजुली, टेलिफोन (लेण्ड लाइन, प्रिपेड, पोष्टपेड), टिभि, इन्टरनेट, बिमाको प्रिमियम शुल्क बुझाई सेवा निःशुल्क प्रदान गरिरहेको छ।

## ११. समन्वय विस्तार

यस संस्थाले जिल्ला सहकारी संघ, जिल्ला बचत तथा ऋण सहकारी संघ, नेपाल वचत तथा ऋण केन्द्रिय सहकारी संघ लि., राष्ट्रिय सहकारी बैंक लि. सँग सदस्यता लिई कारोबार सुरुवात गरिएको छ भने अन्य विभिन्न राष्ट्रिय/अन्तर्राष्ट्रिय संघ/संस्थाहरुहरुसँग समन्वय विस्तार गर्ने योजना रहेको छ।

## १२. सम्पत्ति शुद्धीकरण निवारण तथा COPOMIS सम्बन्धी कार्यहरु

नेपाल सरकार भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय सहकारी विभागबाट जारी गरिएको सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी सहकारी संघ/संस्थाहरुलाई जारी गरिएको निर्देशन, २०७६ अनुरुप संस्थाले पूरा गर्नुपर्ने दायित्व प्रभावकारी रुपमा पूरा गर्न सम्पत्ति शुद्धीकरण निवारण आन्तरिक कार्यविधि समेतको तयारी गरी साधारण सभाबाट पारित गरेर कार्यान्वयन गर्न सुरुवात गरिएको छ भने सूचना व्यवस्थापन प्रणाली (COPOMIS) मा सूचना प्रविष्ट गर्ने कार्यलाई निरन्तर अगाडि बढाइएको छ।

## १३. सफल कार्यक्रम

बाल खुत्रुके बचत योजना कार्यक्रमअन्र्तगत साना बालबालिकाको सानैदेखि बचत गर्ने बानीको विकास होस् भन्ने अभिप्रायले साँचो कार्यालयमा रहने गरी प्रदान गरिने खुत्रुके र बचत योजनामा कम्तिमा रु ५०००/- बचत भएका बालबच्चाहरुलाई जन्मदिनको अवसरमा उपहारस्वरुप निःशुल्क बर्थडे केक साथै रु १० हजार माथि बचत भएमा थप स्टेशनरी सामानसहित शुभकामना प्रदान गरिने कार्यक्रमले यस वर्ष सफलता प्राप्त गरेको छ। यस योजनामा सरिक सदस्यहरुले खुत्रुके लैजान बाँकी रहेमा कार्यालयमा सम्पर्क गर्नहुनसमेत अनुरोध गरिन्छ।

## १४. तालिम कार्यक्रममा सहभागिता

समग्र सहकारी अभियान तथा संस्थागत आन्तरिक सुशासनलाई व्यवस्थित बनाउन सिकाइ कार्यलाई निरन्तर जारी राख्दै निम्न विभिन्न निकाय, संघ/संस्थाले गरेका तालिम तथा गोष्ठीमा सहभागी जनाई सिकेको सिपलाई व्यवहारमा लागु गरिँदै आएको छ।

| क्र.सं. | तालिम, गोष्ठी दिने निकाय/संघ/संस्थाको नाम , ठेगाना | तालिम, गोष्ठी को विषय | अवधि | सहभागिको नाम, पद |
|---|---|---|---|---|
| १. | जिल्ला बचत तथा ऋण सहकारी संघ लि., झापा | सहकारीमा सञ्चालकको भूमिका र क्षमता विकास सम्बन्धी तालिम | २०७८/०७/२९ गते | पुष्प प्र. रिजाल, सञ्चालक अध्यक्ष र नवराज कोइराला, लेखा संयोजक |
| २. | सहकारी प्रशिक्षालय, प्रदेश नं. १, इनरुवा, सुनसरी | सहकारी ऐन, नियम तथा सम्पत्ति सुद्धीकरण निवारण | २०७८/१२/१० देखि २०७८/१२/२५ सम्म | चन्द्र अधिकारी, कार्यकारी प्रमुख |
| ३. | जिल्ला बचत तथा ऋण सहकारी संघ लि., झापा | ऋणसम्बन्धी कागजात व्यवस्थापन र वैधानिकता, आधारभूत जग्गा नापी विधि, धितो मूल्याङ्कन विधि | २०७८/१२/२८ गते | नारायण बराल, कर्जा उपाध्यक्ष तथा कर्जा उपसमिति संयोजक |
| ४. | राष्ट्रिय सहकारी बैंक लि., मेचीनगर शाखा | सहकारीको वर्तमान अवस्था, समस्या र समाधान विषयक लघु गोष्ठी | २०७८/१२/२२ गते | चन्द्र अधिकारी, कार्यकारी प्रमुख |
| ५. | सहकारी प्रशिक्षालय, प्रदेश नं. १, इनरुवा, सुनसरी | आधारभूत सहकारी लेखापालन तालिम | २०७९/०१/०६ देखि २०७९/०१/११ सम्म | रिता क्षेत्री, सहायक अधिकृत लेखा |
| ६. | आरएमडिसि लघुवित्त वित्तीय संस्था | कर्जा तथा तरलता जोखिम सम्बन्धी अन्तरक्रिया कार्यक्रम | २०७९/०२/११ गते | चन्द्र अधिकारी, कार्यकारी प्रमुख र समिक्षा कडरिया, अधिकृत |
| ७. | आरएमडिसि लघुवित्त वित्तीय संस्था | वार्षिक नीति, कार्यक्रम तथा बजेट निर्माणसम्बन्धी तालिम | २०७९/०३/०५ देखि २०७९/०३/०६ सम्म | चन्द्र अधिकारी, कार्यकारी प्रमुख र समिक्षा कडरिया, अधिकृत |

यस सहकारी संस्थाको उत्तरोत्तर प्रगति तथा समृद्धिको लागि प्रत्यक्ष रुपमा संस्थालाई अमूल्य सहयोग तथा सुझाव प्रदान गरी संस्थाको कार्यदक्षता तथा सेवावृद्धि गर्न मद्दत गर्ने सम्बन्धित निकाय, संघ/संस्था, पत्रकार वर्ग, लेखा परीक्षक, शेयर सदस्यज्यूहरु, शुभचिन्तक, विभिन्न समिति/उपसमितिका साथीहरु, कर्मचारीहरुमा हार्दिक धन्यवाद ज्ञापन गर्दै आ. ब. २०७८/०७९ का सम्पूर्ण वित्तीय विवरणहरु यहाँहरुबाट अनुमोदन हुने नै छ भन्ने पूर्ण विश्वास गर्दै शेयर सदस्यज्यूहरु, सञ्चालक समितिका पदाधिकारी संस्थाका कर्तव्यनिष्ठ कर्मचारी मित्रहरु सबैलाई धन्यवाद ज्ञापन गर्न चाहन्छु।

आगामी दिनहरुमा पनि सबै क्षेत्रबाट सदा झै यस्तै सहयोग तथा सद्भाव पाउने विश्वास लिएको छु। अन्त्यमा, आजको यस सभामा हाम्रो निमन्त्रणालाई स्वीकार गरी पाल्नुभएका प्रमुख अतिथि, बिशिष्ट अतिथि, अतिथिज्यूहरु, सञ्चारकर्मी साथीहरु विभिन्न संस्थाबाट पाल्नुभएका आमन्त्रित महानुभावहरुलगायत उपस्थित सम्पूर्णमा हार्दिक धन्यवाद दिँदै विजया दशमी २०७९ को हार्दिक मंगलमय शुभकामनाका साथ विदा हुन चाहन्छु ॥ धन्यवाद ॥ जय बुद्धशान्ति साकोस ॥ जय सहकारी ॥

**पुष्प प्रसाद रिजाल**
**अध्यक्ष**
**२०७९/०६/०८**

# बुद्धशान्ति बचत तथा ऋण सहकारी संस्था लिमिटेड

**बुद्धशान्ति गाउँपालिका वडा नं–३, झापा**

# लेखा समितिको वार्षिक प्रतिवेदन
# (आर्थिक वर्ष २०७८/२०७९)

यस बुद्धशान्ति बचत तथा ऋण सहकारी संस्था लिमिटेड बुद्धशान्ति गाउँपालिका वडा नं ३, झापाको छैठौं वार्षिक साधारण सभाका सभापतिज्यू, आमन्त्रित प्रमुख अतिथिज्यू, विशेष अतिथिज्यूहरु, अतिथिज्यूहरु, साथै यस संस्थालाई हालको उचाइ सम्म ल्याउन अतुलनीय योगदान पुऱ्याउनु हुने समिति तथा उप-समितिका पदाधिकारी ज्यूहरु, सम्मानित आदरणीय शेयर सदस्यज्यूहरु, पत्रकार मित्रहरु, कर्मचारी साथीहरु लगायत उपस्थित सम्पूर्ण महानुभावहरुमा लेखा समितिको तर्फवाट न्यानो सहकारी अभिवादन व्यक्त गर्दछौ।

आर्थिक वर्ष २०७८।२०७९ मा यस संस्थाले सञ्चालनमा ल्याएका सम्पूर्ण कारोवार एवं वित्तीय विवरणहरुको नियमित लेखा परीक्षण कार्य सम्पन्न गरी प्राप्त नतिजाको आधारमा रचनात्मक तथा सुधार गर्नुपर्ने विषयवस्तु समेतलाई प्रतिवेदनमा समावेश गरी यस सम्मानित साधारण सभामा देहायबमोजिम प्रस्तुत गर्ने अनुमति चाहन्छौं।

१. **अघिल्लो साधारण सभाको निर्णयहरु पालना भएको/नभएको:** साधारण सभाबाट अनुमोदन भएका संस्थाद्वारा गर्नुपर्ने निर्णयहरुको अक्षरस पालना गराउने कार्यमा सञ्चालक समिति लागि परेको भए तापनि केही निर्णय कार्यान्वयन गर्न गराउन पूर्ण सफलता नमिलेको पाइयो।

२. **आर्थिक वर्ष २०७८।२०७९ मा संचालक समितिको बैठक १५ पटक बसेको:** गणपूरक सङ्ख्यामा बैठक बसी उद्देश्यकेन्द्रित भएको र कार्यान्वयनको अवस्थामा केही निर्णयबाहेक सन्तोषजनक रहेको पाइयो। सञ्चालक समितिका निर्णयहरु र साधारण सभाका निर्णयहरु सहकारी ऐन र नियमसम्मत नै रहेको पाइयो। आगामी आ. व. मा निर्णय कार्यान्वयनको प्रभावकारितालाई बृद्धि गराउन सुझाव पेस गरिन्छ। बैठकमा सञ्चालक सदस्यहरुको उपस्थित यथार्थ सङ्ख्या ९० रहेको जुन कुल उपस्थितिको ८५.७१ प्रतिशत हुन आउँछ।

३. **ऋण लगानी प्रक्रिया, ऋण बापतको सुरक्षण र धितोसम्बन्धी व्यवस्था:** सदस्यहरुका प्राप्त माग निवेदनहरुमाथि आवश्यक प्रक्रियागत कागजातहरु पुगे नपुगेको मूल्याङ्कन गरी सदस्यहरुको व्यक्तिगत आर्थिक सक्षमताको विश्लेषण गरी ऋण लगानीका लागि सिफारिस गरी सामूहिक जमानतमा लगानी गरिएको तथा ऋणवापतको सुरक्षण, आवश्यकता, ऋणको मात्रा तथा प्रकृति हेरी घर तथा जग्गा धितो लिने गरेको पाइयो।

ऋणबापतको सुरक्षणको हकमा सम्बन्धित आवेदकको धितो भएको स्थानमा स्थलगत निरीक्षण गरी धितो मुल्याङ्कन समितिको सिफारिसमा ऋण उपसमितिले उक्त कर्जा स्वीकृत गरेपश्चात् धितो रोक्का, धितो बन्धक गरी कर्जा लगानी गरेको पाइयो।

४. **सहकारी विभागवाट जारी गरिएका मापदण्डहरुको पालनासम्बन्धी संक्षिप्त बिवरण:**

क) सहकारी विभागवाट जारी गरिएका मापदण्डले तोकेअनुसार सेवाशुल्क, व्याजदर र त्यसको अन्तर, शेयर लाभांश वितरण कोषहरुको बँडफाँड गरिएको पाइयो।

ख) समयभित्रै साधारणसभा गरिएको र प्रतिवेदनहरु पेस गर्ने गरेको पाइयो

ग)　　जिल्ला सहकारी संघ, जिल्ला बचत संघको सदस्यता लिइएको पाइयो।

**५. सम्पत्ति शुद्धीकरण निवारण तथा कोपोमिस, सहकारी कार्यालय, विभाग वा सम्बन्धित संघले अनुगमन गरी दिइएको प्रतिवेदनअनुसारको निर्देशन/सुझावहरु कार्यान्वयनसम्बन्धी विवरण:**

क) नेपाल सरकार भूमि व्यवस्था, सहकारी तथा गरिबी मन्त्रालय, सहकारी विभागबाट जारी गरिएको सम्पत्ति शुद्धीकरण निवारणसम्बन्धी सहकारी संघसंस्थाहरुलाई जारी गरिएको निर्देशन २०७६ अनुरुप संस्थाले पुरा गर्नुपर्ने दायित्व प्रभावकारी रुपमा पुरा गर्न सम्पत्ति शुद्धीकरण निवारण आन्तरिक कार्यविधि तयार गरी कार्यान्वयनमा ल्याएको तथा सूचना व्यवस्थापन प्रणाली (COPOMIS) मा विवरण प्रविष्ट गर्ने गरेको देखिन्छ।

ख) नियामक निकायहरुले अनुगमन गरी दिइएका प्रतिवेदनअनुसारको निर्देशन वा सुझावहरुको कार्यान्वयनमा संस्थाले अथक प्रयत्न गरेको देखिन्छ। आवश्यकताबमोजिम माग गरिएका प्रतिवेदनहरु समय समयमा बुझाइएको पाइयो।

**६. पदाधिकारीहरुको पारिश्रमिक, भत्ता र अन्य सेवा सुविधाहरुको विवरण:**

६.१　पारिश्रमिकः व्यवस्थापक तथा अन्यकर्मचारीहरुको समय सापेक्ष पारिश्रमिक निर्धारण गरेको पाइयो ।

६.२　भत्ताः साधारण सभाको सर्वसम्मत स्वीकृतिमा न्यूनतम मासिक वैठक भत्ता नियमानुसार रु ५०० कर कट्टी गरी उपलब्ध गराउने गरेको पाईयो ।

६.३　अन्य सुविधाहरुः: लिएको जानकारी प्राप्त नभएको।

**७ कर्मचारी प्रशासनसम्बन्धी व्यवस्था:**

७.१　साधारणसभावाट पारित कर्मचारी प्रशासनसम्बन्धी नियमावली भए/नभएकोः भएको।

७.२　कर्मचारी प्रशासन नियमावली प्रयोगमा ल्याईएको । नल्याइएकोः कर्मचारी प्रशासन नियमावली २०७७ तयार गरी साधारण सभाको स्वीकृतिमा संस्थामा प्रयोगमा ल्याइएको पाइयो।

७.३　भर्ना प्रक्रिया पारदर्शी र प्रतिस्पर्धी भएको। नभएकोः कर्मचारी प्रशासन नियमावली २०७७ को अधीनमा रही सञ्चालक समितिको निर्णयमा भर्ना प्रक्रिया न्यायपूर्ण, पारदर्शी र प्रतिष्पर्धी भएको पाइयो जसअनुसार निम्नलिखित कर्मचारी वाहाल अवस्थामा रहेको देखिन्छ :

| | | |
|---|---|---|
| (क) | कार्यकारी प्रमुख/व्यवस्थापक | १ जना |
| (ख) | अधिकृत,कर्जा | १ जना |
| (ग) | सहायक अधिकृत,लेखा | १ जना |
| (घ) | कनिष्ठ कार्यालय सहायक | १ जना |
| (ङ) | बजार प्रतिनिधि | ६ जना |
| (च) | कार्यालय सहयोगी (पार्ट टाइम) | १ जना |

७.४　कार्यरत कर्मचारी र कार्यवोझ बिच तादम्यता रहेको। नरहेकोः रहेको पाइयो।

८. **लेखा समितिले यसअघि दिएका प्रतिवेदनबमोजिमका सुझावहरुको कार्यान्वयनको अवस्था:** लेखा समितिद्वारा संस्थाको समग्र वित्तीय कारोवारको आन्तरिक रुपमा लेखा जाँच गरी बैठकबाट दिइएको प्रतिवेदनबमोजिमका सल्लाह सुझावहरु सकेसम्म कार्यान्वयन भएको पाइयो।

९. **लेखा समितिले उल्लेख गर्न चाहेका अन्य विषयहरु:**

- ❖ आर्थिक लेखा प्रणालीलाई सहकारी ऐन, नियम तथा संस्थाको विनियमबमोजिमका खातापाताहरुलाई प्रयोग गरी पारदर्शी बनाउन सहायक खाताहरुको प्रयोग र लेखाका सर्वमान्य सिद्धान्तबमोजिम हिसाव किताब ४ खाता प्रयोग गरी गर्ने अभ्यास रहेकोमा अझ बढी बैज्ञानिक, व्यवस्थित र छिटो छरितो बनाउन कम्प्यूटराईज्ड प्रणालीद्वारा सहज, सरल र विश्वासिलो तरिका अख्तियार गरी संचालन गर्ने गरेको पाइयो।
- ❖ सञ्चालकहरुले साधारणसभाका निर्णयहरु कटौती गरी निर्णय गरेको पाइएन।
- ❖ एक सदस्यलाई नियमभन्दा बढी शेयर बिक्री गर्न नसकिने प्रावधानको पालना भएको पाइयो।
- ❖ बचत र ऋणको ब्याजदर बीचको अन्तर ६ प्रतिशत कायम गरेको पाइयो।
- ❖ कर्मचारी बोनस नियमानुसार ब्यवस्था गरेको पाइयो।
- ❖ सहकारी नियमावलीअनुसार समितिका सदस्य सङ्ख्याको ४९ प्रतिशतभित्र रही ऋण लिन पाइने व्यवस्था अनुरुप समितिका कुल सङ्ख्यामध्ये ३० प्रतिशतले मात्र ऋण लिएको पाइयो।
- ❖ संस्थाको सञ्चालन खर्चलाई PEARLS सूचाङ्कअनुसार नियन्त्रण गर्न कोसिस गरेको पाइयो।
- ❖ संस्थाबाट हुने सम्पूर्ण खर्चहरुको बिल भरपाईअनुसार नै खर्च भएको र बिल भरपाइ सुरक्षित राखेको पाइयो।
- ❖ शेयर पूँजी बृद्धि र बचत सङ्कलन मापदण्डअनुसार नै रहेको पाइयो। कर्मचारीहरुलाई कार्य जिम्मेवारी प्रदान गर्दै कामप्रति मनोबल बृद्धि गर्न Target Based Incentive को ब्यवस्था गरेको पाइयो।
- ❖ कर तथा दायित्वलाई समयमै भुक्तानी गरिएको पाइयो।

१०. **लेखा समितिका तर्फवाट केही सुझावहरु:**

- सदस्यहरुको व्यक्तिगत आर्थिक सक्षमताको विश्लेषण गर्दा कर्जा प्रवाहमा असमान सूचनाका कारण प्रतिकूल परियोजना छनौट एवम् नैतिक बिचलनको जोखिम बढ्न सक्दछ। तसर्थ ऋण मूल्याङ्कन गर्दा ऋण प्रदान गर्ने पर्याप्त आधारहरु सिक्स सी शैलीलाई "6C" (Character, Capacity, Capital, Collateral, Conditions, Control) लाई प्रभावकारी ढङ्गबाट प्रयोगमा ल्याउन सुझाब पेस गरिन्छ।
- असुल गर्न बाँकी कुल कर्जाको रकमलाई असुलीको अवस्थाको आधारमा कर्जा जोखिम कोष (Loan Loss Provision) व्यवस्था गरेको भए तापनि केहि शंकास्पद कर्जा मात्रा बढ्न गएकाले उक्त कर्जाको नियमित भुक्तानीका लागि तागेतामा बिशेष ध्यान दिदै नियमानुसार असल कर्जालाई १ प्रतिशत, शंकास्पद कर्जालाई ३५ प्रतिशत र खराब कर्जालाई १०० प्रतिशत व्यवस्था गर्न सुझाब पेश गरिन्छ।
- तरलताको समस्यालाई न्यूनीकरण गर्न सदस्यहरुको बचत बृद्धिका उपायहरु अवलम्बन गर्न सुझाब पेस गरिन्छ।
- संस्थालाई आवश्यक सल्लाह र सुझाबका लागि सल्लाहकार समितिको चयन गर्नुपर्ने सुझाब पेस गरिन्छ।
- शिक्षा उप-समितिको पूर्णताका लागि आवश्यक पहल गर्नुपर्ने सुझाब पेस गरिन्छ।
- कर्जा लगानीमा शेयर अनुपात निरन्तर कायम राख्न उपयुक्त हुने।
- संस्थाको लगानी र नाफाको स्थितिलाई हेरी सञ्चालक तथा कर्मचारी सक्षमता बृद्धि गर्नुपर्ने विषयमा (तालिम, शिक्षा, अवलोकन भ्रमण) एवं पेसागत क्षमता अभिबृद्धि हुने खालका तालिमहरु सञ्चालन गर्न र गराउन सुझाव पेस गरिन्छ।
- सम्पूर्ण शेयर सदस्यहरुलाई लाभ हुने गरी कर्जा लगानीको दायरा बृद्धि गर्दा उपयक्त हुने तथा उत्पादनमूलक क्षेत्रमा लगानी बृद्धि गर्नुपर्ने सुझाव पेस गरिन्छ।

- कर्मचारी प्रशासनलाई चुस्त दुरुस्त बनाउन कर्मचारी प्रशासन नियमावलीअनुरुपको कार्य जिम्मेवारी तथा मूल्याङ्कन प्रणाली व्यवस्था गर्न सुझाव पेस गरिन्छ।

अन्त्यमा, संस्थामा सुशासन कायम गरी अनुशासित र व्यबस्थित रुपमा संस्थालाई दिगो विकासतर्फ उन्मुख गराई लक्षित समूह र वर्गहरुको समग्र प्रगति र विकासका लागि सहकारी मैत्री वातावरण सिर्जना गर्न प्रत्यक्ष वा अप्रत्यक्ष रुपले सहयोग पुऱ्याउनु हुने सम्पूर्ण मञ्चमा आसीन प्रमुख अतिथिज्यू, विशिष्ट अतिथिज्यूहरु, अतिथिज्यूहरु, सञ्चालक समिति पदाधिकारीज्यूहरु, शेयर सदस्यज्यूहरु, कर्मचारी साथीहरु लगायत उपस्थित सम्पुर्ण महानुभावहरुमा हार्दिक धन्यवाद ज्ञापन गर्दछौं। साथै रचनात्मक सुझावसहित प्रतिवेदन पारितका लागि अनुरोध गर्दै प्रतिवेदन यहीँ अन्त्य गर्ने अनुमति चाहन्छौं।

| | |
|---|---|
| माया देवि भट्टराई | नवराज कोइराला |
| लेखा समिति सदस्य | लेखा समिति संयोजक |

# वार्षिक नीति तथा कार्यक्रम र बजेट

छैठौं वार्षिक साधारण सभाका सभापतिज्यू, प्रमुख अतिथिज्यू, विशिष्ट अतिथिज्यूहरु, अतिथिज्यूहरु, आदरणीय शेयर सदस्य महानुभावहरु, पत्रकार वर्ग, शुभचिन्तकज्यूहरु तथा निमन्त्रणालाई स्वीकार गरी पाल्नुभएका सम्पूर्ण उपस्थित महानुभावहरु।

यस संस्थाको गरिमामय छैठौं वार्षिक साधारण सभामा आ.व. ०७९/०८० को लागि वार्षिक नीति तथा कार्यक्रम र बजेट प्रस्तुत गर्ने अनुमति चाहन्छु।

संस्थाको आ.व. ०७९/०८० मा गरिने कारोबारको लक्ष्य

१. **शेयर पूँजी**

आ.व ०७८/०७९ को अन्त्य सम्ममा शेयर पूँजी रु १ करोड ५९ लाख १४ हजार ५ सय रहेकोमा चालु आ.व. ०७९/०८० मा २६.३० प्रतिशत थप गरी रु २ करोड १ लाख पुऱ्याउने लक्ष्य लिइएको छ। शेयर सङ्कलनका लागि प्रति शेयर रु १०० को दरले शेयर जारी गरिनेछ। शेयर सदस्यहरुलाई बिक्री गरिएको शेयर रकमको अनुपात कूल अधिकृत पूँजीसँग कम्तिमा १:१० को अनुपात रहनेछ।

२. **बचत सङ्कलन**

आ.व ०७८/०७९ मा निक्षेप सङ्कलन रु १६ करोड ५५ लाख ९० हजार ८९९ रुपैंया भएकोमा ४३.३० प्रतिशत बृद्धि हासिल गरी कुल बचत सङ्कलन रु २३ करोड ७२ लाख ९१ हजार पुऱ्याउने लक्ष्य लिइएको छ।

३. **कर्जा लगानी**

आ.व ०७८/०७९ मा रु ३ करोड ८४ लाख ७८ हजार ६ सय ८८ र गत आ.व.मा लगानीमा रहेको रकम रु ५ करोड ६१ लाख ८५ हजार १ सय ६४ रुपैंयासहित कर्जा लगानी गरी रु ३ करोड ८७ लाख २६ हजार ४ सय ३६ रुपैंया असुली भई रु ५ करोड ५९ लाख ३७ हजार ४ सय १६ रुपैंया लगानीमा रही आएकोमा चालु आ.व. मा रु ९ करोड पुऱ्याउने लक्ष्य लिइएको।

४. **सञ्चालन मुनाफा**

गत आ.व. ०७८/०७९ मा ह्रासकट्टिपछिको सञ्चालन मुनाफा रु ३५ लाख ३२ हजार १ सय ५९ रुपैंया ६६ पैसा भएकोमा चालु आर्थिक वर्ष ०७८/०७९ मा संस्थाको विभिन्न शीर्षकमा आम्दानी तथा खर्च गरी सञ्चालन मुनाफा रु ६० लाख हुने अनुमान गरिएको छ।

५. **कुल कारोवार**

संस्थाको आ.व. ०७८/०७९ को अन्त्य सम्ममा कुल सम्पत्ति रु ६ करोड ६८ लाख ८० हजार ७ सय ३० रुपैंया ६३ पैसा भएकोमा आ.व. ०७९/०८० का लागि ५५.४३ प्रतिशतका दरले वृद्धि हासिल गरी रु १० करोड ३९ लाख ४६ हजार १ सय हुने लक्ष्य निर्धारण गरिएको छ।

आदरणीय शेयर सदस्य महानुभावहरु,
अब म हामीले सजग रहनुपर्ने विषयमा उल्लेख गर्न चाहन्छु।

१. शेयर खरिद तथा वित्तीय कारोबारको लागि स्थानीय स्तरको संस्था तथा स्थानीय सञ्चालक भएको संस्था हो की होइन भनी सजक रहनुपर्ने।
२. संस्थामा कारोवार बढ्दै जाँदा ऋणको भाखा नाघेमा संस्थामा पर्न सक्ने वित्तीय असर, जोखिमबारे सचेत रहनुपर्ने साथै सदस्यहरुमा आवश्यकता र क्षमता भन्दा बढी ऋण नलिने र ऋणको भाखा नघाउनु हुँदैन भन्ने वित्तिय अनुशासनमा बृद्धि गराउनुपर्ने।
३. संस्थाले प्रतिस्पर्धात्मक वित्तिय बजारमा अन्य सहकारी तथा वित्तिय संस्थाहरुमा भन्दा उच्चस्तरका सेवा सुविधा उपलब्ध गराई सदस्यहरुमा संस्थाप्रतिको आशा भरोसामा बृद्धि गर्नुपर्ने।
४. पूँजीको उपलब्धता तथा आय आर्जन र उद्यमशीलता सिपको माध्यमबाट सदस्यहरुलाई स्वःरोजगारको अवसर प्रदान गरी आर्थिक जीवनस्तर, सामाजिक सुरक्षा तथा उत्तरदायित्वका कार्यक्रमहरुलाई सम्बोधन गर्दै लैजानुपर्ने।
५. गैरकानूनी कार्यगर्ने व्यक्तिहरु पनि सदस्यको रुपमा प्रवेश गरी कारोबार गर्न सक्ने हुँदा सजगता अपनाउनुपर्ने।

**संस्थाका आ.व. ०७९/०८० का प्रस्तावित नीति तथा कार्यक्रमहरु:**

**१. जीवन स्वास्थ्य कार्यक्रम:**

यस संस्थाको स्थापना दिवसको अवसरमा रक्तदान कार्यक्रम सञ्चालनलाई निरन्तरता दिइनेछ।

**२. कृषि हाम्रो आधार:**

यस कार्यक्रममा स्थानीय स्तरमा शेयर सदस्यहरुलाई लक्षित गरी पशुपालन तथा अर्गानिक तरकारी खेतीको प्रवर्द्धनको लागि सहुलियत कर्जा उपलब्ध गराइनेछ।

**३. उद्यम सञ्चालनमा लगानी**:

क) कर्जा लगानी गर्दा व्यवसायिक जोखिम तथा चुनौतीहरुको उपर्युक्त विश्लेषण गरी सम्भावित नीतिगत परिवर्तनहरुको पालना गर्ने क्षमता भएका सक्षम र इमान्दार सदस्यहरुको छनौट गरी आर्थिक उन्नति गर्ने प्रकारका उद्यम सञ्चालनमा सदस्यहरुलाई लगानी गरिनेछ।

ख) बैङ्क, वित्तीय संस्था तथा सरकारी निकायबाट सहुलियत ब्याजदरको युवा स्वरोजगार कर्जा लिएर विभिन्न परियोजना सञ्चालनका लागि शेयर सदस्यहरुमा ऋण प्रवाह गरिनेछ।

**४. सहकारी शिक्षा, व्यक्तित्व विकास तथा लेखासम्बन्धी तालिम:**

क) संस्थाका सदस्यहरुलाई सहकारी शिक्षा तथा प्रशिक्षणका साथै उत्प्रेरणा कार्यक्रम, Refreshment Program आदि आयोजना गरिनेछ।

ख) कार्यालय कर्मचारी, सञ्चालक समिति, विभिन्न समिति/उपसमितिका सदस्यहरुलाई व्यक्तित्व विकास तथा लेखा सम्बन्धि तालिमको व्यवस्था गरिनेछ।

**५. शैक्षिक तथा छात्रबृत्ति कार्यक्रम:**

क) यो कार्यक्रमअर्न्तगत बाल खुत्रुके बचत योजनामा आवद्ध बालबालिकाहरुमा लक्षित रही चित्रकला कार्यक्रम सञ्चालन गरिनेछ।

ख) संस्थाको सदस्यहरुका सन्तति मध्ये SEE परीक्षामा उच्चतम अङ्क प्राप्त गर्ने सामुदायिक/नीजि विद्यालयहरुमध्ये सर्वोत्कृष्ट २/२ जना (१ जना छात्रा र १ जना छात्र) लाई रु १०००।- का दरले सम्मान तथा पुरस्कार वितरण गरिने कार्यक्रमलाई निरन्तरता दिइनेछ।

**६. बिमाको व्यवस्था:**

क) ऋण लगानी गर्दा शेयर सदस्यहरुको जोखिम कम गर्न सम्बन्धित ऋणिबाट न्यूनतम शुल्क लिई ऋण रकम बराबरको म्यादी बिमालाई निरन्तरता दिइनेछ भने म्यादी जीवन बिमालाई समेत स्वेच्छिक रुपमा सञ्चालन गरिनेछ। उक्त बिमा नवीकरणको वार्षिक बिमा शुल्क सम्बन्धित ऋणीबाट लिइनेछ।

(ख) संस्थाको वित्तीय अवस्थाको मूल्याङ्कन गर्दै न्यूनतम २५० कित्ता शेयर भएका सदस्यहरुलाई निम्न अठार घातक रोगको उपचारका लागि प्रमाणित मेडिकल रिपोर्टका आधारमा बढीमा रु १०,०००/- स्वास्थ्य उपचार सहायता खर्च उपलब्ध गराइनेछ।
कडा प्रकृतिको क्यान्सर, दुवै मृगौलाको विफलता, प्राइमरी पल्मोनेरी आर्टियल उच्च रक्तचाप, निरन्तर लक्षण सहितको मल्टिपल स्क्लेरोसिस, मुख्य अङ्ग प्रत्यारोपण, कोरोनरी आर्टरी बाइपास ग्राफ्ट (CABG) - ओपन चेष्ट शल्यक्रिया (Breastbone अलग गरि), एओर्टाको शल्यक्रिया, मुटुका भल्भहरुको शल्यक्रिया, स्थायी लक्षणको रुपमा देखिएको मस्तिष्क घात, कडा प्रकृतिको पहिलो हृदयघात, कोमा, स्थायी रुपले भएको हातखुट्टाको पक्षघात, पार्किन्सन्स रोग - (दैनिक जीवनयापनसंग सम्वन्धि कार्यहरु गर्न स्थायी असक्षमता), अन्तिम अवस्थाको फोक्सोको रोग, अन्तिम अवस्थाको कलेजोको विफलता, अन्धोपन (Blindness) ( स्थायी तथा निको हुन नसक्ने गरी क्षती, तेश्रो डिग्रीमा पोलेको/डढेको (Third Degree Burns), अल्जाइमर्स रोग / कडा प्रकृतिको डेमेन्सिया

(ग) कम्तिमा २४ घण्टा अस्पताल भर्ना भई उपचार गर्नुपर्ने निम्न सदस्यहरुको उपचार सहायताका लागि प्रमाणित बिल भौचरहरुको आधारमा निम्नबमोजिमको उपचार सुविधा उपलब्ध गराइनेछ।

| क्र.सं. | शेयर कित्ता | सुविधा |
|---|---|---|
| १. | २५० देखि ५०० | प्रमाणित बिलको १० प्रतिशत वा रु २०००/ -, जुन कम हुन्छ |
| २. | ५०१ देखि १००० | प्रमाणित बिलको १० प्रतिशत वा रु ३५००/ - जुन कम हुन्छ |
| ३. | १००१ देखि २००० | प्रमाणित बिलको १० प्रतिशत वा रु ७,०००/ - जुन कम हुन्छ |
| ४. | २००१ देखि ५००० | प्रमाणित बिलको १० प्रतिशत वा रु १०,०००/ - जुन कम हुन्छ |

(घ) माथि उल्लेखित राहत कार्यक्रमहरु चालु आ.व का लागि तय गरिएको र सम्पूर्ण सक्कल बिल, भौचर, कार्ड उपलब्ध भएपश्चात प्रमाणको आधारहरु विश्लेषण गरी उचित ठहर भएमा कार्यविधिअनुसार एक पटक मात्र प्रदान गरिने र नेपाल सरकार स्वास्थ्य विमा कार्यक्रम लगायतका अन्य कोषहरुले एक पटक सुविधा प्रदान गरेको भए सोही शीर्षकमा दोहोरो सुविधा प्रदान गरिने छैन र सुविधाका लागि सदस्य भई कम्तिमा ३ महिना व्यतीत भएको हुनुपर्नेछ।

(च) संस्थाका कर्मचारी तथा समितिका पदाधिकारीहरुको रु ७,००,०००।- सम्मको दुर्घटना विमालाई निरन्तरता दिइनेछ।

**७. समवेदना सहित सहानुभुति व्यक्त:**

क) यस संस्थाको शेयर सदस्य स्वयं तथा एकाघर परिवारका सदस्यहरुको मृत्यु भएको अवस्थामा सम्बन्धित घरमा गई मानोचामल सहित समवेदना प्रकट गरिनेछ।

ख) न्यूनतम ५०० कित्ता शेयर भएका सदस्य स्वयंको मृत्यु भएमा रु १०,०००/- र न्युनतम २५० कित्ता शेयर भएका सदस्यको पति वा पत्नीको मृत्यु भएमा रु ५०००/- काजकिरिया खर्चबापत सहायता उपलब्ध गराइनेछ।

**८. असल सदस्य कार्यक्रम:**

क) यस कार्यक्रमअर्न्तगत संस्थामा निरन्तर बचत गर्ने, कर्जा लिई समयभित्र भुक्तानी गर्ने तथा ऋण लिई सफल व्यवसाय गरिरहेका मध्ये सर्वोत्कृष्ट १/१ जना असल बचत कर्ता र असल ऋणिलाई सम्मान गरिने कार्यलाई निरन्तरता दिइनेछ।

ख) संस्थाको ऋण लिई ऋणको भाखा नघाउने सदस्यहरुलाई संस्थाले प्रदान गर्ने सबै सेवा - सुविधाबाट वञ्चित गर्ने तथा कार्यक्रमहरुमा समावेश गराइने छैन।

ग) पूर्णरुपमा भाखा नघाउने ऋणी सदस्यहरुको नामावली सार्वजनिक गरिनेछ।

**९. सुत्केरी सहायता कार्यक्रम:**

न्यूनतम ५० कित्ता शेयर भएका सदस्य वा सदस्यको श्रीमतीहरुको हकमा सुत्केरी सहायतास्वरुप पोषण सामग्री र खुत्रुके उपहार स्वरुप प्रदान गरिनेछ भने आमाबाबु संरक्षक रहने गरी बालखुत्रुके बचत खाता सोही दिन खोलिने कार्यक्रमलाई निरन्तरता दिइनेछ।

**१०.बालबचत कार्यक्रम:**

क) यस कार्यक्रमअर्न्तगत बालबालिकाको सानैदेखि बचत गर्ने बानी बसोस् भन्ने अभिप्रायले साँचो कार्यालयमा रहने गरी १ बच्चा १ खुत्रुके निःशुल्क प्रदान गरिने र मासिक उक्त रकम सङकलन गरी संस्थामा बचत गरिने कार्यक्रमलाई निरन्तरता दिइनेछ।

ख) यस योजनामा सरिक शेयर सदस्यहरुको बालबच्चाको बालखुत्रुके बचत योजनामा कम्तिमा मासिक रु ५०० नियमित बचत गर्ने बालबच्चाहरुलाई जन्मदिनको अवसरमा उपहारस्वरुप बर्थडे केक तथा रु १००००/- भन्दा बढी बचत भएका बालबच्चाहरुलाई केक र स्टेशनरी सामग्री सहित शुभकामना प्रदान गरिनेछ भने रु २०,०००/- भन्दा माथि बचत भएका बालबालिकालाई बर्थ डे केक, शैक्षिक सामग्री र एक दिने भ्रमण कार्यक्रममा सहभागि गराइनेछ।

**११. बचत तथा ऋण हाम्रो सरोकार:**

यस कार्यक्रमअर्न्तगत विभिन्न बचत तथा ऋणको योजना र ब्याजदर समयानुकूल परिवर्तन र परिमार्जन गरी समयसापेक्ष बनाउँदै कार्यान्वयन गरिनेछ।

**१२.सूचना प्रविधि:**

क) सदस्यको वित्तीय कारोबारलाई थप व्यस्थित र पारदर्शी बनाउन Online Software, Mobile Smart Banking, SMS Banking, Inter Bank/Coop Transfer, QR Payment प्रयोगमा ल्याइनेछ।

ख) बार्षिक क्यालेण्डर छपाई गर्ने कार्यलाई निरन्तरता दिइनेछ।

**१३.जेष्ठ नागरिक सम्मान कार्यक्रम:**

संस्थामा आवद्ध ७० वर्ष भन्दामाथिका जेष्ठ नागरिक सदस्यहरुलाई सम्मान प्रदान गरिनेछ।

**१४. सामूहिक अभियान कार्यक्रम**

सम्बन्धित निकायहरुको सहकार्यमा विभिन्न विद्यालयहरुमा गई वित्तीय साक्षरता, ट्राफिक नियमलगायत यौन तथा साइबर अपराध र लागू औषधसम्बन्धी सचेतना कार्यक्रम गरिनेछ।

**१५. कर्मचारी प्रोत्साहन कार्यक्रम:**

क) यस कार्यक्रमअन्तर्गत कार्यालयका उत्कृष्ट कर्मचारीलाई प्रोत्साहनस्वरुप पुरस्कृत र सम्मान गरिनेछ।

ख) कर्मचारीहरुको छनौट, पदपूर्ति, तलबभत्ता, आवश्यक सेवा/सुविधा, कर्मचारी पद निर्धारण र कर्मचारी व्यवस्थापनका लागि मानव संसाधन समितिमार्फत कार्य गर्ने व्यवस्थालाई निरन्तरता दिइनेछ।

**१६.सदस्यता विस्तार कार्यक्रम:**

क) संस्थाले यस आ. व. पनि शेयर सदस्यता विस्तारलाई निरन्तरता दिइनेछ।

ख) समान प्रकृतिका सहकारी संस्थाहरु यस संस्थामा गाभिन चाहेमा आवश्यक प्रक्रिया पूरा गरी गाभ्ने कार्य गरिनेछ।

आदरणीय शेयर सदस्य महानुभावहरु,
अब म संस्थाको आ.व. ०७९/०८० को अनुमानित आय व्यय विवरण र प्रस्तावित कार्यक्रम बजेट पेस गर्न गइरहेको छु।

आदरणीय शेयर सदस्य महानुभावहरु,
अब म संस्थाको आ.व. ०७९/०८० को अनुमानित आय व्यय विवरण र प्रस्तावित कार्यक्रम बजेट पेस गर्न गइरहेको छु।

**प्रस्तावित कार्यक्रम बजेट**

**अनुमानित खर्च विवरण**

| क्र.सं. | खर्च शीर्षक | अनुमानित रकम |
|---|---|---|
| १ | तलब तथा भत्ता | २,७०७,२००/- |
| २ | यातायात खर्च | ३००,०००/- |
| ३ | निक्षेपमा ब्याज | २,७००,०००/- |
| ४ | ब्याज छुट | १०,००० /- |
| ५ | पत्रपत्रिका तथा विज्ञापन | ५,०००/- |
| ६ | छपाई तथा स्टेशनरी | ७०,०००/- |
| ७ | रेमिटान्स कमिसन | १००,००० /- |
| ८ | विद्युत, टेलिफोन तथखानेपानी | ४०,०००/- |
| ९ | बालबालिका जन्मोत्सव | १२०,००० /- |
| १० | सुत्केरी पोषण कार्यक्रम/मानोचामल | ३०,०००/- |
| ११ | घरभाडा | १११,००० /- |
| १२ | सफ्टवेयर तथा इन्टरनेट | १५०,००० /- |
| १३ | मोबाइल/एस एम एस बैंकिङ्ग, क्यु आर कोड | २५०,०००/- |
| १४ | अतिथि सत्कार | २०,०००/- |
| १५ | कर्मचारी पोषाक | ५०,०००/- |
| १६ | कर्मचारी सञ्चय कोष तथा विमा | २०५,०००/- |
| १७ | सामाजिक कार्य | ५,०००/- |
| १८ | स्थापना दिवस कार्यक्रम | २५,०००/- |
| १९ | कार्यक्रम सञ्चालन तथा सम्मान | ३५,०००/- |
| २० | बाह्य ऋण खर्च | १,२१०,००० /- |
| २१ | मर्मत तथा सम्भार | ३५,०००/- |
| २२ | अवलोकन तथा स्वरोजगार कोष ऋण कार्यान्वयन | १००,००० /- |
| २३ | सदस्य भेटघाट कार्यकम | १०,००० /- |
| २४ | बैठक व्यवस्थापन | ४०,०००/- |
| २५ | ह्रास खर्च | १७०,००० /- |
| २६ | साधारण सभा खर्च | २००,०००/- |
| २७ | लेखा परीक्षण शुल्क | २५,०००/- |
| २८ | सामान खरिद | १५००० /- |
| २९ | शेयरसदस्य बिमा | ३६८६८१/- |
| ३० | स्थानिय व्यवसाय कर | १५,००० /- |
| ३१ | विविध | ६४,२००/- |
| | जम्मा खर्च | ९१८६०८१.६९- |

कुल अनुमानित कर्जा ब्याज आम्दानी........................................१४,०८२,८७७/-
बैंक बाट ब्याज आम्दानी....................................................१००,०००/-
कमिसन र अन्य...............................................................१,४०३,२०४/-
जम्मा आम्दानी.................................................................१५,५८६,०८१/-
जम्मा खर्च.......................................................................९,१८६,०८१/-
जोखिम कोष खर्च अघिको मुनाफा...........................................६,४००,०००/-
न्यून:: कर्जा जोखिम कोष खर्च................................................(४००,०००/-)
मुनाफा.............................................................................६,०००,०००/-

| पूँजी तथा दायित्व | रकम | सम्पत्ति तथा मौज्दात | रकम |
|---|---|---|---|
| शेयर | २०,१००,००० /- | नगद तथा बैंक | ११,३२१,१०० /- |
| कोष रकम | ८६,९५,०००/ - | लगानी | १९०,००० /- |
| बाह्य ऋण | २२,२००,००० /- | ऋण लगानी | ९०,०००,००० /- |
| निक्षेप | ५२,८०१,१००/ - | पाउनूपर्ने | १,५००,००० /- |
| भुक्तानी दिनुपर्ने | १५०,००० /- | स्थिर सम्पत्ति | ९००,००० /- |
| | | अन्य सम्पत्ति | ३५,००० /- |
| जम्मा | १०,३९,४६,१०० /- | जम्मा | १०,३९,४६,१०० /- |

अन्त्यमा,

यस साधारण सभामा प्रस्तुत गरिएको नीति, कार्यक्रम र बजेट प्रतिवेदन अध्ययन गरी सहयोग गरिदिनु भएकोमा उपस्थित सम्पूर्ण महानुभाव तथा शेयर सदस्यहरुमा विशेष धन्यवाद ज्ञापन गर्दछु। माथि उल्लेखित विषयवस्तुहरु गम्भीरतापूर्वक विचार विमर्श गरी रायसुझाव र मार्गदर्शन प्रदान गरिदिनहुन यहाँहरुसमक्ष हार्दिक अनुरोध गर्दछु। प्रस्तुत कार्यक्रम र बजेट संस्थाको आर्थिक अवस्थालाई मध्यनजर गरी मितव्ययी तवरबाट कार्यान्वयन गरिने विषयमा विश्वास दिलाउन चाहन्छु। आगामी दिनहरुमा पनि यहाँहरुबाट सदाझैं सहयोग तथा सद्भाव पाउने विश्वास लिँदै माथि प्रस्तुत नीति, कार्यक्रम र बजेट अनुमोदन हुने विश्वास लिएको छु। धन्यवाद!

चन्द्र अधिकारी
सचिव
मिति: २०७९/०६/०८

# बुद्धशान्ति बचत तथा ऋण सहकारी संस्था लिमिटेड

बुद्धशान्ति-३, झापा, पानः ६०६०९४९६०, द.नं. ३/१/७/१०१६/०७३/०७४

अध्यक्ष श्री पुष्प प्रसाद रिजाल
















बुद्धशान्ति बचत तथा ऋण सहकारी संस्था शेयरधनी महानुभावहरू समक्ष प्रस्तुत गरिएको आ ब २०७८/२०७९ को स्वतन्त्र लेखा परिक्षणको प्रतिवेदन







लेखापरीक्षक

राजेन्द्र प्रसाद सुवेदी

आर. पि. एस. एण्ड कम्पनी

आर. पि. एस. एण्ड कम्पनी
रजिष्टर्ड अडिटर
उर्लाबारी नगरपालीका–४, मोरङ
पान ३०११३६०१५, संस्था दर्ता २४९०, पे प्र नं २५२२, सदस्यता ६८५२, सम्पर्क ९८६९७२२२११, Email: taxationandauditing@gmail.com

**बुद्धशान्ति बचत तथा ऋण सहकारी संस्था शेयरधनी महानुभावहरू समक्ष प्रस्तुत गरिएको आ ब २०७८/२०७९ को स्वतन्त्र लेखा परिक्षणको प्रतिवेदन**

हामीले **बुद्धशान्ति वचत तथा ऋण सहकारी संस्था लि.,**को यसै साथ संलग्न २०७९ साल आषाढ ३२ गतेको वित्तीय स्थिति विवरण, सो मितिमा समाप्त भएको आर्थिक वर्षको आय तथा व्ययको विवरण, कोष बाँडफाँडको विवरण, नगद प्रवाह विवरण, इक्यूटीमा भएको परिवर्तन र प्रमुख लेखा नीतिहरू तथा लेखा सम्बन्धी टिप्पणीहरूको लेखापरीक्षण सम्पन्न गरेका छौं ।

**कैफियत सहितको मन्तव्यका आधार**

सहकारीले कर्मचारी उपदान, कर्मचारी पेन्सन, कर्मचारी स्वास्थ्य उपचार तथा कर्मचारीको सञ्चित विदा वापतको रकम संस्थाको विनियम अनुसारले व्यवस्था गरेको छ। सहकारी मापदण्ड अनुसार कर्मचारीको नियुक्ति मितिवाट हालसम्म सृजना भएको दायित्वको लागि व्यवस्था गरेको नगरेवाट भविष्यमा ऐन अनुसार भुक्तानी गर्नु पर्दा संस्थालाइ एकैपटक बढी आर्थिक ब्यय भार पर्नजाने जोखिम देखिन्छ। संस्थाले ऋण सुरक्षण कोषमा कर्जा बर्गिकरण अनुसारको जोखिम कोषको व्यवस्था गरि भविष्यमा हुन सक्ने जोखिम कम गरेको देखिन्छ। स्थिर सम्पत्तिको ह्रास गणना सहकारी मापदण्ड-२०७६ बमोजिम खरिद मुल्यमा हिसाव राख्नुपर्ने प्राबधान बमोजिम ह्रास गणना ब्यबस्था भएकोमा आयकर ऐन २०५८ दफा १९ बमोजिम गरेको पाईयो। वोनस ऐन २०३० बमोजिम कर्मचारी वोनस कोषको व्यवस्था कर अघिको आयमा गर्नु पर्नेमा संस्थाको विनियममा उल्लेखित विधिवाट ५ प्रतिशत व्यवस्था गरेको छ।

हामीले हाम्रो लेखापरीक्षण नेपाल सहकारी वित्तीय प्रतिवेदन प्रारूप-२०७६ बमोजिम सम्पन्न गरेका छौं। यस मापदण्ड बमोजिम हाम्रो जिम्मेवारी यसै प्रतिवेदनको *"वित्तीय विवरणको लेखापरीक्षणमा लेखापरीक्षकको उत्तरदायित्व"* शीर्षक अन्तर्गत थप *व्याख्या गरिएको छ। नेपाल चार्टर्ड* एकाउन्टेन्ट्स सस्थाद्धारा जारी गरेको "द हयाण्ड् बुक कोड अफ इथिक्स् फर प्रोफेसनल एकाउन्टेन्ट्स (The Handbook Code of Ethics for Professional Accountants) बमोजिम हामी संस्थासँग स्वतन्त्र छौ र हामीले सो हयाण्डबुक बमोजिमको अन्य नैतिक दायित्वको पालना गरेका छौं। हाम्रो लेखापरीक्षण प्रमाणले हाम्रो मन्तव्यलाई पर्याप्त आधार प्रदान गर्ने कुरामा हामी विश्वस्त छौं।

**विषय उपर जोड र लेखाङ्कनको आधार**

हामीले वित्तीय विवरणसँग सम्वन्धित प्रमुख लेखा नीतिहरूको बुदामा उल्लेखित लेखाङ्कनको आधारमा व्याख्या गरिएको बुँदाहरूमा ध्यानकृष्ट गराउदछौं। वित्तीय विवरणहरू नेपाल सहकारी बित्तिय प्रतिबेदन प्रारूप-२०७६ अनुसार तयार गरिएका छन्।

**वित्तीय विवरण उपर व्यवस्थापन तथा सुशासनको जिम्मेवारी बहन गरेकाको उत्तरदायित्व**

नेपाल सहकारी बित्तिय प्रतिबेदन प्रारूप-२०७६ अनुरूप यथार्थ र उचित चित्रण गर्ने वित्तीय विवरणहरू तयारी एवम् प्रस्तुत गर्ने तथा चाहे जालसाजी वा गल्तीबाट होस्, सारभूत रूपमा त्रुटी रहित वित्तीय विवरण तयार गर्ने सम्बन्धि आन्तरिक नियन्त्रण प्रणालीको तर्जुमा गर्ने जिम्मेवारी व्यवस्थापनमा रहेको छ। वित्तिय विवरण तयार गर्दा व्यवस्थापनलाई संस्था विघटन गर्ने, संञ्चालन बन्द गर्ने वा सो बाहेक व्यवहारिक वैकल्पिक विकल्प नभएको अवस्थामा बाहेक, संस्था निरन्तर सञ्चालन हुने क्षमताको मूल्याङ्कन गर्ने, आवश्यक बमोजिम खुलासा गर्ने र निरन्तर सञ्चालनमा आधारित लेखा नीति प्रयोग गरी वित्तीय विवरण तयार गर्ने जिम्मेवारी संस्था सञ्चालकको व्यवस्थापनमा रहेको छ।

**वित्तीय विवरणको लेखापरीक्षणमा लेखापरीक्षकको उत्तरदायित्व**

वित्तीय विवरणहरू सम्पूर्ण रूपमा चाहे जालसाजी वा गल्तीबाट होस, सारभूत रूपमा त्रुटिरहित छ वा छैन भन्नेबारे उचित आश्वस्तता प्राप्त गर्नु र हाम्रो राय समावेश गरी लेखापरीक्षण प्रतिवेदन जारी गर्नु हाम्रो उद्देश्य हो। उचित आश्वस्त्ता एक उच्च स्तरीय आश्वस्त्ता भएतापनि सारभूत त्रुटीहरू विद्यमान रहेको अवस्थामा समेत लेखापरीक्षण मान अनुरूपै गरिएको लेखापरीक्षणमा समेत उक्त सारभूत त्रुटीहरू सधैं पहिचान हुन्छन भन्ने आश्वस्त्ता रहदैन।

गलत प्रस्तुति, जालसाजी वा त्रुटीबाट उत्पन्न हुन सक्दछन् र ती प्रस्तूतिहरूले वित्तिय विवरणको आधारमा प्रयोगकर्ता हरूले लिने आर्थिक निर्णयहरूलाई अलग अलग वा समग्ररूपमा प्रभाव पार्न सक्ने उचित अपेक्षा गरिन्छ भन्ने, उक्त गलत प्रस्तुतिलाई सारभत रूपमा गलत प्रस्तुति भनिन्छ ।

राजेन्द्र प्रसाद सुवेदी
लेखापरिक्षक

**नेपाल लेखापरीक्षणमान अनुरूप लेखापरीक्षणको क्रममा हामी व्यवसायीक सन्देह कायम राखी पेशागत निर्णयको अभ्यास गर्दछौं । क्रमश हामीले :**

वित्तिय विवरणमा जालसाजी वा त्रुटीबाट हुन सक्ने सारभूत गलत प्रस्तुतिहरूको जोखिम पहिचान तथा मुल्याङ्कन गरी ती जोखिमहरूको लागि प्रभावकारी लेखापरीक्षण प्रकियाहरू तर्जुमा गरी हाम्रो मन्तव्य प्रदान गर्ने आधारको लागि पर्याप्त तथा उचित लेखापरीक्षण प्रमाण संकलन गर्दछौं। मिलिभगत, ठगी, जानाजानी भूलचूक, गलत प्रतिनिधित्व वा आन्तरिक नियन्त्रण प्रणलीको मिचाई समावेश हुने भएकोले गल्तीहरू भन्दा जालसाजीबाट हुने सारभूत गलत प्रस्तृतिहरूको पहिचान नलाग्ने जोखिम अधिक रहन्छ।

संस्थाको आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारीता सम्बन्धि राय व्यक्त गर्ने उद्देश्य नभई, लेखापरीक्षण प्रक्रियाहरू तर्जुमा गर्नका लागि लेखापरीक्षणमा प्रासङ्गिंक हुने संस्थाको आन्तरिक नियन्त्रण प्रणालीको बारेमा जानकारी प्राप्त गर्दछौं।

व्यवस्थापनले प्रयोग गरेका लेखा नीतिहरूको औचित्य, लेखा अनुमानको व्यावहारिकता तथा लेखा सम्बन्धि खुलासाहरूको मूल्याङ्कन गर्दछौं।

व्यवस्थापनले प्रयोग गरेको व्यवसायको निरन्तरतामा आधारित लेखा नीतिको औचित्यता तथा प्राप्त लेखा परीक्षण प्रमाणको आधारमा कुनै घटना वा अवस्थाहरूसँग सम्बन्धित सारभूत अनिश्चितताको कारणले संस्थाको व्यवसायिक निरन्तरताको क्षमतामा उल्लेख्य शङ्का उत्पन्न गर्न सक्ने अवस्थामा तथा यदि हामीले सारभूत अनिश्चितता रहेको निष्कर्ष निकालेकोमा, लेखापरीक्षण प्रतिवेदनमा वित्तीय विवरणको सम्बन्धित खुलासा उपर ध्यानाकृष्ट गर्नु पर्दछ वा यदि ती खुलासा अपर्याप्त भएमा, हाम्रो राय परिमार्जन गर्नुपर्दछ। हाम्रो निष्कर्ष लेखापरीक्षण प्रतिवेदन मितिसम्म प्राप्त लेखापरीक्षण प्रमाणमा आधारित रहेको हुन्छ। तथापि भविष्यका घटना तथा अवस्थाहरूले संस्था अविच्छिन्न निकायको रूपमा नरहन सक्दछ ।

वित्तीय विवरणको समग्र प्रस्तुतीकरण ढांचा र खुलासा सहितको विषयवस्तु तथा अर्न्तनिहित कारोवार एवंम घटनाहरूलाई वित्तीय विवरणमा निष्पक्ष रूपमा प्रस्तुतिकरण गरे नगरेको मूल्याङ्कन गर्दछौं।

हामीले वित्तीय विवरण उपर व्यवस्थापन तथा सुशासनको जिम्मेवारी बहन गरेकोहरूलाई अन्य विषयका अतिरिक्त, लेखापरीक्षण कार्य योजना, समय तालिका र महत्वपूर्ण लेखापरीक्षण खोजहरू लगायत संस्थाको आन्तरिक नियन्त्रण प्रणालीमा रहेको महत्वपूर्ण कमी कमजोरीहरूको जानकारी गराउँदछौं।

शुशासनको जिम्मेवारी बहन गरेकाहरूलाई प्रासंङ्गिक नैतिक आवश्यकताहरू पालना गरेको जानकारी सहितको विवरण र हाम्रो स्वतन्त्रतामा उल्लेख्य प्रभाव पार्न सक्ने मानिएका सबै सम्बन्ध तथा अन्य कुराहरू साथै सो सम्बन्धि प्रतिरोध बारेमा समेत जानकारी गराउँदछौं ।

**अन्य कानूनी तथा नियामक निकायको आवश्यकता सम्बन्धि प्रतिवेदन**

सहकारी ऐन २०७४ को परिच्छेद १२ को दफा ७५ बमोजिम : हामीले लेखापरीक्षण सम्पन्न गर्न आवश्यक ठानेका सूचना तथा स्पष्टीकरणहरू पाएका छौं।

